दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउन परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३७ | अंक २३० | बुटवल | २०८२ साउन ३० गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday August 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रधानमन्त्री–मन्त्री कार्यसम्पादन सम्झौता

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले आर्थिक वर्ष २०८१/०८२ का लागि मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका छन् । बिहीबार प्रधानमन्त्री कार्यालय सिंहदरबारमा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री र मन्त्रीहरूबीच कार्यसम्पादन सम्झौता गरिएको हो । यसक्रममा प्रधानमन्त्री ओलीले सम्झौताअनुसार तोकिएको जिम्मेवारी पूरा गर्न मन्त्रीहरूलाई आग्रह गरे ।

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्य तोकिएको समयमा सम्पन्न गर्न ओलीले आफ्नो अघिल्लो कार्यकालबाटै कार्यसम्पादन सम्झौताको अभ्यास थालेका थिए ।

प्रधानमन्त्रीसँग मन्त्रीहरूले कार्यसम्पादन सम्झौता गरेपछि उनीहरूले सम्बन्धित सचिवहरूसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

कार्यक्रममा आव २०८१/८२ को मन्त्रालयगत वार्षिक बजेट कार्यान्वयनको समीक्षा समेत भएको थियो ।

अघिल्लो आवको समीक्षापछि आगामी आवका लागि मन्त्रालयहरूको प्राथमिकता, लक्ष्य तथा कार्यक्रमहरू प्रस्तुत गर्दै कार्यसम्पादनमा परिणाममुखी दृष्टिकोण अपनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

## पार्थवेन्द्रले दिए स्पष्टीकरण

बुटवल । रास्वपाबाट रुपन्देही ३ को उम्मेदवारको प्रारम्भिक सूचीमा परेका पार्थवेन्द्र उपाध्यायले पत्रकारिताका विषयमा आफूले बोलेको सम्बन्धमा स्पष्टिकरण दिएका छन् । उनले पार्टीको आन्तरिक कार्यक्रममा बोलेको भिडियो सार्वजनिक भएपछि नेपाल पत्रकार महासंघलगायत संस्थाले विज्ञप्ति निकाल्नेदेखि रुपन्देहीका सीडीओलाई ज्ञापनपत्र बुझाएर कारबाहीको माग गरेका थिए । त्यसपछि उपाध्यायले बिहीबार विज्ञप्ति जारी गर्दै पहिलो र मुख्य कुरा, आफूले दिएको अभिव्यक्तिले समग्र पत्रकारिता व्यवसायमाथि प्रहार गर्ने वा प्रेसको संवैधानिक भूमिकालाई कमजोर पार्ने उद्देश्य राखेको थिएन भन्ने स्पष्ट गरेका छन् । आफ्नो अभिव्यक्ति स्पष्ट रूपमा पत्रकारिताभित्रका अनैतिक अभ्यासहरू विशेषतः आर्थिक लाभको शर्तमा सकारात्मक समाचार कभरेज दिने 'क्विड प्रो क्वो' व्यवस्थाहरूतर्फ निर्देशित थियो भनेका छन् ।

उनले लामो समयदेखि गलत कार्य उजागर गर्ने, जनतालाई सूचित गर्ने र लोकतान्त्रिक स्वतन्त्रता सुरक्षित राख्ने कार्यमा पत्रकारहरूको महत्वपूर्ण भूमिकालाई मूल्यवान् ठानेको र आफ्नो दृष्टिमा, जनचेतनामा प्रभाव पार्ने सार्वजनिक व्यक्ति भएकाले पत्रकारहरू पनि समीक्षाबाट मुक्त हुन नसक्ने धारणा प्रष्ट पारेका छन् । नागरिक पत्रकारिता र स्वतन्त्र डिजिटल मञ्चहरूको उदयले सञ्चारमाध्यमको जवाफदेहिता परम्परागत संरचनाभन्दा बाहिरसम्म फैलिनु आवश्यक रहेको अझ स्पष्ट पारेको उनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

'इथिकल (वैध) पत्रकारिता लोकतान्त्रिक शासनका लागि अपरिहार्य भए पनि, जब अनैतिक अभ्यासहरू हावी हुन्छन्, त्यसको इमान्दारी कमजोर हुन्छ, यस्तो अवस्थामा आलोचना गर्नु जनहितको विषय हो र यो संवैधानिक स्वतन्त्रताको प्रयोग हो, मानहानीको कार्य होइन, मेरो अभिव्यक्तिको उद्देश्य सञ्चार क्षेत्रभित्र सुधारको आवश्यकता उजागर गर्नु थियो, जसरी राजनीतिक संस्थाहरूमध्ये पनि सुधार आवश्यक हुन्छ । कुरा सरल छ–राजनीतिक नैतिकता विना शासन कमजोर हुन्छ; पत्रकारिताको नैतिकता विना लोकतन्त्र नियन्त्रण र बलजफ्तीमा परिणत हुन्छ, दुवै क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र जनविश्वासको पुनःस्थापना आवश्यक छ,' अंग्रेजी भाषामा जारी उपाध्यायको विज्ञप्तिमा उल्लेख छ- 'त्यसैले, यी मूल्यहरू कमजोर पार्ने आचरणलाई प्रश्न गर्न मेरो अधिकारमा म दृढ रहन्छु, मेरो आलोचना अतीतमा पनि, अहिले पनि, पत्रकारिता व्यवसायको उच्च आदर्शतर्फ होइन, अनैतिक अभ्यासतर्फ नै निर्देशित हो, म विश्वास गर्छु कि सञ्चारमाध्यमसँगको रचनात्मक संवाद नै अगाडि बढ्ने सही बाटो हो, र म खुला संवादमा प्रतिबद्ध छु, जसले हाम्रो संस्थाहरू र हामीले सेवा गर्ने जनताको विश्वास दुवैलाई मजबुत बनाउँछ ।'

# जग्गा राजस्व छलीमा मालपोत कर्मचारीको मिलेमतो




**विष्णु खनाल**
*बर्दघाट*

राजस्व छलिमा मालपोत कार्यालय नवलपरासीका कर्मचारीको मिलेमतो भएको तथ्य बाहिरिएको छ । वडाको सिफारिस विनै जग्गा अर्को व्यक्तिको नाममा जग्गा पास भएको घटनाले अहिले नवलपरासी जिल्लालाई तताएको छ । नवलपरासीको बर्दघाट नगरपालिका बडा नं. ५ मा जग्गा बेचबिखनको काममा राजस्व छली भएको छ । नन्दराम चौधरीले साविकको माकर गाविस ९ घ, हालको बर्दघाट नगरपालिका वडा नं. ५ मा रहेको कित्ता नं. १०१५ को क्षेत्रफल ०-१९-५ जगाको बाटोमा नक्सा नदेखिएता पनि सो जग्गाको पश्चिमतर्फ बर्दघाट त्रिवेणी सडक र उत्तरतर्फ चलनचल्तीको ग्रावेल बाटो रहेको भनी असार १८ गते पहिलो पटक ऋण लिनका लागि चौकिल्ला र बाटो सिफारिस लिए । पछि फेरि असार २५ गते उत्तर तर्फको चलनचल्तीको ग्रावेल बाटो रहेको भनी प्रमाणित लिए ।

मालपोत कार्यालय नवलपरासीमा असार ३१ गते घरगोठ पास नलिई नन्दराम थारुको नाममा रहेको १९ कठ्ठा ५ धुर जग्गा सम्राट सिंह क्षेत्रीको नाउमा पास गरिएको छ ।

नापिकार्यालय नवलपरासीले जग्गा किनबेच वा लेनदेन प्रयोजनका लागि आवश्यक पर्नै घर गोठ सिफारीस नलिई व्यक्तिको नाममा पास गरेको छ । जसका कारण जग्गा पास सिफारीस वापतको राजश्व छलि भएको छ । ३१० रुपैयाँ सामान्य सिफारिस रहेको उक्त जग्गाको घरगोठ सिफारिस बापतको बर्दघाट नगरपालिकाको मूल्याङ्कन ६ करोड ५२ लाख ५१ हजार ६ सय ८३ रुपैयाँ ९८ पैसा को ०.५ प्रतिशतले हुन आउने रकम ३ लाख २६ हजार २ सय ५८ रुपैया ४२ पैशा र यस आर्थिक वर्षको एकिकृत सम्पत्तिकर ७७ हजार ९ सय २० रुपैया रकम राजस्व छलि भएको छ ।

यो विषय बाहिर आएसँगै खबरदारिका लागि नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक रामानन्द यादवको नेतृत्वमा साउन १८ गते मालपोत कार्यालय नवलपरासीमा बृहत् छलफल भयो । मालपोत कार्यालय अधिकृत दामोदर भण्डारीले छानबिन समिति बनाउने र सत्यतथ्य एक हप्ता मा बाहिर ल्याउने आश्वसन दिएसँगै टुङ्गिएको थियो । साउन २१ गते मालपोत अधिकृत बसन्त कार्कीको संयोजकत्वमा नासु विरबहादुर नेपाली र खरिदार झविन्द्र पाण्डेको सदस्यतामा ३ सदस्यि छानबिन समिति गठन भयो ।

छानबिन समितीले साउन २६ गते कार्यालय समयभित्र आइसक्नु पर्ने गरी जग्गा बेच्ने नन्दराम थारु, जग्गा किन्ने सम्राट सिंह केसी, बर्दघाट नगरपालिका वडा नं. ५ को कार्यालय, भू सेवा केन्द्रका अमरदास पटेल र रजिस्टेशन फाँटको २ मालपोत अधिकृत अर्जून तेली र जुनियर अफिसर नारायण ठटराइसँग लिखित जवाफ माग गरेको थियो ।

बर्दघाट नगरपालिका वडा नं. ५ बाट वडा अध्यक्ष विमला गुरुङ्गसहित वडा सचिव शान्ती तिमिल्सीना, वडा सदस्यहरु शोभाकान्त लामिछाने र मिलन पाण्डेको टोली २६ गते मालपोत कार्यालयमा पुगेर आफ्नो लिखित जवाफ पेश गरेको छ । 'जवाफमा शक्तिको आधारमा राजस्व हिनामिना गर्ने समूह र प्रलोभनमा परि आफ्नो दायित्व र जिम्मेवारी भुली पदिय मर्यादाविपरीत बैकिङ्क प्रकृयामा जग्गा मूल्याङ्कनको लागि दिइएको सामान्य बाटो प्रमाणितको सिफारिसलाई गलत व्याख्या गर्ने र कार्यालयभित्रको कर्मचारीबाट भएको गल्तीलाई संरक्षण गरी वडा कार्यालयलाई गलत कार्य गरेको भनी प्रमाणित गर्न खोजिएको दुस्प्रयास प्रति बडा कार्यालयको गम्भीर ध्यान आकर्षण भएको छ । साथै उक्त कार्यमा संलग्न मातहतका कर्मचारीलाई आवश्यक कारबाही गर्न भनी मागसहित वडा परिवार उपस्थित भएको व्यहोरा अनुरोध छ ।' -स्पष्टीकरणमा उल्लेख छ ।

असार ३१ गते कार्यालय समय पछाडि जग्गा पास गरिएको बताउँछन् नन्दराम चौधरी । उनी भन्छन् - 'बाहिर आएको यी सबै कुरामा वडाको कुनै दोष छैन । भैरहवामा रहेका प्रशान्त अग्रवाल संग मेरो पहिचान रहेको थियो । अग्रवालले सम्राट सिंह क्षेत्रीको नाममा जग्गा पास गर्न पठाएको ले उनको नाममा पास गरिदिए । साँझ ७ बजे आसपासको समयमा पटेल लेखापढि को कार्यालयभित्र ल्याप्चे लगाउने काम गरेको हो । अरु पनि थिए तर को को हुन मैले चिनिन ।'

वडा नं. ५ की वडा अध्यक्ष विमला गुरुङ्ग भन्छिन् -'३ वर्ष भयो जनप्रतिनिधि भएर काम गरिरहेको अहिलेसम्म बाटो सिफारिसले जग्गा बेचबिखन भएको छैन, तर शक्तिको आडमा भएको जग्गा पास र कर छलिले फेरि पहुँच नपुग्ने गरिब निमुखाले मालपोतमा काम गर्दा सामान्य त्रृटि हुँदा सास्ती खेप्नुपर्ने, तर पैसाको बिटो भएपछि कागजात नपुगे पनि सहजै काम बन्ने परिपाटि छर्लङ्ग बाहिर आयो । वडाले यस्तो गलत काम लाई अन्देखा गर्न सक्दैनौं । जसरी हुन्छ यो गलत काम गर्ने कर्मचारी र विचौलियालाई सजाय दिलाउन लाग्छौं ।'

उनले करछलिको कुरा बाहिर आएपछि नन्दराम कर तिर्नका लागि पटक-पटक वडा कार्यालयमा धाएको र मान्छे पठाउने काम गरेको बताइन् । जबसम्म मालपोत कार्यालयबाट दोषीलाई कार्बाही गरेको पत्र आउँदैन, तबसम्म जग्गाको काम अगाडि नबढाउने उनले बताइन् ।

कम्प्यूटर अपरेटर तिलकराज हरिजनलाई असार ३१ गते कति बजेसम्म कार्यालयबाट सेवा दिनुभयो भन्दा थाहा छैन भन्दै उम्कन खोजे र खाजा खाने समय भयो भन्दै कार्यकक्ष बाट बाहिरिए । अर्का कम्यूटर अपरेटर पुष्पराज शर्मासँग बाटो प्रमाणित मात्रै लिएर आउँदा जग्गा पासको प्रक्रिया कसरी अगाडि बढाउनुहुन्छ भनेर प्रश्न गर्दा उनले घरगोठ प्रमाणित नआईकन आफूले अहिलेसम्म काम नगरेको बताए । वडा नं. ५ बाट आएको पत्र देखाएर यो पत्रको आधारमा बायो म्याट्रिक गर्नु हुन्छ भन्दा नमिल्ने बताए । बायो म्याट्रिक गरिएको फर्ममा प्रयोग कर्तामा अमरदास पटेल भूसेवा केन्द्र, तिलकराज हरिजन सर्भिस डेस्क, नारायण ठटराई जुनियर अफिसर र मालपोत अधिकृत अर्जून तेली प्रयोगकर्ता र भूमिकामा देखिएका छन् ।

असार मसान्तको समय भएको हुँदा कार्यालय समय पछाडि पनि काम गरिएको हुन सक्ने भन्छन्, मालपोत कार्यालयका खरिदार नारायण ठडराई । नेपाल सरकारले यही फर्मयाटमा जग्गा पास गर्नै पर्छ भनेर तोकेको छैन । बाटो खुलेको सिफारिस भएपछि जग्गा पास गर्न सकिने भन्दै उनी उम्कन खोजे । जग्गा दिने लिने दुवैको उपस्थिति भएर मात्रै पास गरिएको मालपोत कार्यालयका नासु अर्जुन तेलीले बताए । उनले वडाले प्रयोजन नखुलाउनु वडाको कमजोरी रहेको भन्दै वडा कार्यालयलाई दोषी देखाए ।

वडा सचिव शान्ति तिमिल्सिनाले वडा नं. ५ बाट वडा कार्यालयको घर गोठको सिफारिससँगै मालपोत कार्यालयलाई सम्बोधन नगरेको पत्र वडाबाट आएको भए प्रमाण पेश गर्न चुनौती दिएकी छन् । मालपोतले गलत काम गर्ने, दोष वडालाई थुपार्न खोज्नुमा कर्मचारीको मिलेमतो रहेको स्पष्ट हुने उनी बताउँछिन् ।

यस विषयमा मालपोत अधिकृत दामोदर भण्डारीसँग बुझ्न खोज्दा उनले छानबिन समितिलाई जिम्मा दिई सकेको हुँदा कुनै पनि धारणा नराख्ने बताए ।

## स्याङ्जामा एक वर्षमा पाँच हजारलाई रोजगारी



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित सुपरजोन र जोनमार्फत् झण्डै पाँच हजारलाई रोजगारी सिर्जना भएको छ । जिल्लामा सञ्चालित सुन्तला सुपरजोन, आँप-लिची र गाई-भैसी जोन तथा अदुवा-बेसार र कफी खेतीमा चार हजार ९०२ जनालाई रोजगारी सिर्जना भएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा आर्थिक वर्ष २०८२/०८३ बाट राष्ट्रिय कृषि आधुनिकीकरणमा परिवर्तित कार्यक्रमले आंशिक ४१ सय र पूर्णतर्फ ८०२ गरी चार हजार ९०२ जनालाई रोजगारी सिर्जना गरेको हो । जिल्लामा विभिन्न शिर्षकमा संचालित पाँच फरक-फरक कार्यक्रम मध्ये सबैभन्दा धेरै सुन्तला सुपरजोनले रोजगारी सिर्जना गरेको छ ।

गएको वर्ष सुन्तला सुपरजोनमा तीन हजार ३१७ र गाई-भैसी जोनमा ५०५ जनालाई रोजगारी सिर्जना गरेको कार्यक्रमले आँप-लिची जोनमा ४६२ जनालाई रोजगारी दिएको छ । कफीमा ४४६ र अदुवा-बेसार खेतीमा १७२ जनालाई रोजगारी सिर्जना भएको कार्यक्रमले जनाएको छ ।

जिल्लाका ९७ मध्ये झण्डै ९० वटा वडामा सञ्चालित सुन्तला सुपरजोन कार्यक्रमले आंशिकमा दुई हजार ८२७ र पूर्णतर्फ ४९० गरी तीन हजार ३१७ जनालाई रोजागरी दिएको कार्यक्रम प्रमुख अजय अधिकारीले बताए । उनका अनुसार २५ सहकारी, ९० कृषक समूह र २३८ कृषि उद्यमी जोडिएको सुन्तला सुपरजोनले वर्षेनी थप रोजगारी सिर्जना गर्नेछ ।

'स्याङ्जामा झण्डै दुई हजार ३५० हेक्टर जमिनमा सुन्तला खेती गरिएको छ,' प्रमुख अधिकारीले भने-'कुल क्षेत्रफलको सुन्तला मध्ये ६० प्रतिशतले हाल उत्पादन दिएको छ भने थप ४० प्रतिशत सुन्तलाका बोटले उत्पादन दिन थलोपछि उत्तिकैको संख्यामा रोजगारी थपिन्छ ।' सुन्तला खेती गर्ने कृषकको संख्या वर्षेनी वृद्धि भएसँगै रोजगारीको सिर्जना हुँदै जाने उनले जनाए ।

जिल्लाको चापाकोट, वालिङ, भीरकोट र गल्याङ्लाई प्राथमिकतामा राखेर सञ्चालित गाई-भैंसी जोन कार्यक्रममा ५०५ जनाले रोजगारी पाएको छन् । १६ सहकारी, ९ समूह र ७२ कृषि उद्यमीले उद्यम गरेको गाई-भैंसी जोनमा आंशिकतर्फ ४०५ र पूर्णमा एक सय जनाले रोजगारी पाएका हुन् ।

कालीगण्डकी किनारका चापाकोट र गल्याङ नगरपालिकामा सञ्चालित आँप-लिची जोनले गएको वर्ष ४६२ जनालाई रोजगारी सिर्जना गरेको छ । कार्यक्रमले आंशिकतर्फ ३८२ र पूर्णमा ८० गरी ४६२ जनालाई रोजगारी सिर्जना गरेको कार्यक्रमका कृषि अधिकृत प्रतिभा बुढाथोकीले बताइन् । उनका अनुसार जोन क्षेत्रमा आँप-लिची लगाउने कृषकको संख्यामा ह्वात्तै वृद्धि भएको छ भने आँप-लिचीको व्यवसायिक खेतीतर्फ स्थानीय कृषकको आकर्षण बढेको छ ।

गएको एक वर्षको अवधिमा कफी खेतीतर्फ आंशिकमा ३१९ र पूर्णतर्फ १२७ गरी ४४६ जनालाई रोजगारी सिर्जना थियो । कार्यक्रमका अनुसार आंशिकतर्फ १६७ र पूर्णमा ५ गरी अदुवा-बेसार खेतीमा पछिल्लो वर्ष १७२ जनालाई रोजगारी सिर्जना भएको छ ।

कार्यक्रममार्फत् रोजगारी सिर्जना हुँदै जाने दाबी गरिएको कार्यक्रमबाट जिल्लामा पछिल्लो वर्ष झण्डै ५ हजार घरपरिवार लाभान्वित भएको कार्यक्रमका प्राविधिक प्रमुख ईन्द्रप्रसाद सुबेदीले बताए । सुन्तलाबाट दुई हजार ७ सय ८३, आँप-लिचीबाट एक हजार तीन सय ५८ घरपरिवार लाभान्वित भएको कार्यक्रममा गाई-भैंसी पालनतर्फ २६५, कफीबाट २३२ र अदुवा-बेसार खेतीमा ८९ घरपरिवार लाभान्वित भएको सुवेदीले जानकारी दिए ।

स्थानीय कृषकले निजी तथा आवादी वन फँडानी गरेर सुन्तला रोप्न थालेका छन् ।

पछिल्लो वर्ष एक सय हेक्टर जमिनमा सुन्तलाका बिरुवा रोपण गरिएको छ ।

कार्यक्रमसँग सहकार्य गर्दै कृषकहरुले चापाकोटमा पछिल्लो दुई वर्षमा करिब ९० हजार आँप-लिचीका बिरुवा रोपेका छन् । आम्दानीको राम्रो श्रोत भएपछि गाई-भैंसी पालक कृषकको संख्यामा समेत वृद्धि हुँदै गएको बिरुवा गाउँपालिका-१ का भैसीपालक कृषक युवराज के.सी.ले बताए ।



## सम्पादकीय

# डेंगु संक्रमणविरुद्धको तयारी सुस्त

एक हप्तामा १ सय ८० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसारयोसँगै गत पुसदेखि हालसम्म ७४ जिल्लाबाट डेंगु पुष्टि हुनेको संख्या दुई हजार ९ सय ५२ पुगेको छ । कुनै बेला वर्षायाममा मात्रै डेंगु संक्रमण फैलिएकोमा अहिले हिउँद र जाडोयाममा पनि डेंगु संक्रमण हुन थालेको छ। यद्यपी वर्षायाममा डेंगु संक्रमण तिब्र हुन्छ। डेंगु संक्रमण भयावह हुने भन्दै विज्ञहरुले नियन्त्रणको पहल थाल्न चेतावनी दिए पनि सरोकारवाला निकायको तयारी सुस्त छ। वर्षा हुने र घाम लाग्ने क्रम जारी रहेकोले डेंगु संक्रमण तिब्र बढाउने  लामखुट्टेकोलागि अनुकुल मौसम हो। यो बेला खोज र नष्ट गर्ने अभियान चलाएर संक्रमण नियन्त्रण गर्न सकिन्छ।  संक्रमण न्यूनीकरण विस्तार हुन सक्ने भएकाले पूर्वतयारीमा ध्यान दिन आवश्यक छ। तर तहगत सरकारको ध्यान संक्रमण नियन्त्रण गर्ने ढंगले भइरहेको छैन।

जलवायु परिवर्तनका कारण नेपालको सबै भू-भागमा लामखुट्टेका लागि अनुकुल हुँदै गएको छ। तराईमा पाइने लामखुट्टेले अब आफूलाई पहाडी र हिमाली वातावरणमा अनुकुलन बनाउँदै लगेको छ। पछिल्ला दिनमा चिसो मौसममा समेत डेंगुका बिरामी देखिएकोले अब वर्षा र गर्मीयाममा मात्रै डेंगु संक्रमण हुन्छ भन्ने छैन । विज्ञहरूका अनुसार, १२-१३ डिग्रीमा पनि डेंगु सार्ने लामखुट्टे सहजै बाँच्न सक्छ। डेंगु फैलिनुको कारण बढ्दो शहरीकरण पनि हो। जनघनत्व बढी भएका शहरमा डेंगु सार्ने लामखुट्टेलाई हुर्कन सहज हुन्छ। विज्ञहरुले मनसुन सुरु हुनासाथै खोज तथा नष्ट अभियान व्यापक बनाउन सुझाव दिएको भए पनि वास्ता गरिएको छैन।  लार्भा अवस्थामै नियन्त्रण गर्न ध्यान दिने हो भने संक्रमण दर नियन्त्रण गर्न सकिने भए पनि तहगत सरकारको ध्यान नजानु गलत छ। खोज र नष्ट अभियान स्थानीय तहले गर्न सक्छन्। स्थानीय तहले टोल समिति परिचालन गरी खोज र नष्ट गर अभियान चलाउन सक्छन्। डेंगु फैलिए पनि खोज र नष्ट गर अभियान देखावटी हुने भएकाले अझै अभियान चलाउन ढिलाइ भइरहेको छैन।

एडीस एजेप्टाई र एडीस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २०००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो। त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिए। २०१६ मा चितवन, झापा र रूपन्देहीमा महामारीकै रूपमा डेंगु देखिएको थियो। २०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो।  सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजारभन्दा बढी संक्रमित भए। उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको तथ्याङ्क छ। सन् २०२३ मा २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए। सन् २०२४ मा भने १३ जनाको मृत्यु हुँदा झण्डै ३५ हजारभन्दा बढी संक्रमित भए।

तहगत सरकार डेंगु नियन्त्रण गर्न चनाखो बन्नु पर्छ। तहगत सरकारहरुमध्ये कसले के गर्ने ? समुदायले के गर्ने ? यो काम कार्ययोजना बनाएर तत्काल अघि बढाउन ढिलाइ गर्न हुन्न। अस्पतालमा बिरामी थेग्नै नसक्ने अवस्था आउन सक्छ। अस्पताल पुगेकामध्ये कतिपय जटिल अवस्थामा पुगेका र कतिपयले ज्यान गुमाउन सक्छन्। सम्भावित जोखिम र चुनौतीको सामना गर्ने गरी सरकारी तयारी हुनुपर्छ।

# सर्पले टोकिहाले के गर्ने ?

रुपक सिंह राजपूत

मधेश प्रदेश, जुन भारतसँग जोडिएको तराईको समथर र गर्मी ठाउँ हो, त्यहाँ गर्मीको मौसममा सर्पको जोखिम धेरै हुन्छ। गर्मी, सुख्खा मौसम र चिसो खोज्दै सर्पहरू मानिसको बसोबासनजिकै आउन थाल्छन्। खेत, पोखरी, झाडी, पुराना घर, ढुंगा वा काठको थुप्रो र पुराना गोठजस्ता ठाउँहरू सर्पका लागि उपयुक्त लुक्ने ठाउँ बन्न सक्छन्।

**सर्पको टोकाइबाट कसरी जोगिने ?**

सर्पको जोखिमबाट बच्न केही सावधानी अपनाउनु आवश्यक छः रातमा सतर्क रहनुहोसः राति भुइँमा नसुत्नुहोस्। सधैं खाट वा अग्लो ओछ्यानमा सुत्ने गर्नुहोस्।

**जुत्ताको प्रयोग**ः झाडी वा घाँस भएको ठाउँमा हिँड्दा बलियो र बन्द जुत्ता लगाउनुहोस्।

अँध्यारोमा प्रकाशको प्रयोगः अँध्यारो ठाउँमा जाँदा वा हिँड्दा टर्च वा लालटिन प्रयोग गर्नुहोस्।

**सफाइमा ध्यान दिनुहोस्ः**

आफ्नो घर वरपरको क्षेत्रलाई सफा राख्नुहोस्। पुराना सामानहरू थुपारेर नराख्नुहोस्।

**मुसाको नियन्त्रण**ः घरमा मुसालाई आउन नदिनुहोस्, किनकि मुसाको खोजीमा सर्प पनि घरमा पस्न सक्छन्।

**खेतबारीमा सावधानी**ः खेत वा बगैँचामा काम गर्नुअघि लौरो वा लट्ठीले झाडी वा घाँस हटाउनु राम्रो हुन्छ।

**सर्पले टोकिहाले के गर्ने ?**

यदि दुर्भाग्यवश कसैलाई सर्पले टोकिहाल्यो भने, घबराउनुको सट्टा तुरुन्तै यी कदमहरू चाल्नुहोस्ः

**बिरामीलाई शान्त राख्नुहोस्**ः सर्पले टोकेको मानिसलाई आरामसँग सुताउनुहोस् र ऊ धेरै नहिलोस् भन्ने कुरामा ध्यान दिनुहोस्, किनभने धेरै हल्लिँदा विष शरीरमा छिटो फैलन सक्छ।

**अंगलाई तल राख्नुहोस्**ः टोकेको अङ्गलाई शरीरभन्दा अलि तल राख्नुहोस्।

**हल्का पट्टी बाँध्नुहोस्**ः टोकेको ठाउँमाथि हल्का कपडा वा पट्टी बाँध्नुहोस्, तर एकदमै कसेर होइन। रक्तसञ्चार पूर्ण रूपमा बन्द हुनुहुँदैन।

**गलत उपचार नगर्नुहोस्**ः झारफुक, चिरा लगाउने, विष चुस्ने, हल्दी, तेल वा गोबर लगाउनेजस्ता हानिकारक घरेलु उपचारहरू बिल्कुलै प्रयोग नगर्नुहोस्।

**अस्पताल लैजानुहोस्**ः बिरामीलाई तुरुन्तै नजिकको सरकारी अस्पताल वा स्वास्थ्य केन्द्र पुर्याउनुहोस्। नेपालका सरकारी स्वास्थ्य संस्थाहरूमा सर्पको टोकाइको निःशुल्क उपचार उपलब्ध छ।

यदि सम्भव छ भने, टोकेको सर्पको रङ्ग, आकार र बनावट याद गर्नुहोस्। यसले डाक्टरलाई सही एन्टीभेनम (बलतष्खभलय) इन्जेक्सन दिन मद्दत गर्छ। समयमै सही उपचार पाएमा सर्पको टोकाइबाट ज्यान बचाउन सकिन्छ।

स्वास्थ्य खबरबाट

## घण्टी पार्टीको गाई जात्राः

# रविको अपराध स्वीकारोक्ति



बिन बहादुर कुँवर



गत साउन २५ गते नेवार जनजाति समुदायको परम्परागत भनाइले प्राचीन गाईजात्रा महोत्सव। उक्त दिन देशका विभिन्न ठाउँमा यस्तो महोत्सव मनाइयो। नेपालमा यो पर्वलाई प्रायः हास्य व्यंग्यको रुपमा मनाइने चलन चल्ती छ। त्यसैले कसैले कुनै बेलाबखत यस्तै केही अस्वाभाविक गतिविधि चालचलन गरेमा भन्ने गरिन्छ कस्तो गाईजात्रा देखाएको । यसपालिको साउन २५ मा त नेवार समुदायहरुको साँच्चैको गाई जात्रा पर्व नै थियो, त्यो दिन यस्तो गाईजात्रा देखाउन स्वाभाविक नै भयो। त्यसको अघिल्लो दिन अर्थात् जनै पूर्णिमा तराईमा राखी बाँध्ने दिन, तर उक्त दिन रास्वपा घण्टी पार्टीले पहिले नै यस्तै गाईजात्रा प्रदर्शन गरी देखायो। करोडौं सहकारी रकम ठगीमा जेल जीवन बिताइरहेका उक्त पार्टीका सभापति रवि लामिछानेको पक्षमा जनमत उतार्ने नाममा ठाउँठाउँमा उनको विशाल ठूलो फोटो तस्विर प्रदर्शन गरी उक्त तस्विरमा केही महिला दिदीबहिनीहरुले उनको हातमा राखी-डोरो बाँधिरहेको देखाइयो।

यो नबुझ्नेहरुका लागि त राम्रै प्रचारप्रसार नै भयो। विचरा ! प्रत्यक्ष आफ्नै दिदीबहिनीहरुको हातबाट त्यस्तो राखी बाँध्न नपाए पनि पार्टीका अरु दिदीबहिनीहरुले त्यस्तो फोटो तस्विरमै भए पनि राखी बाँधिदिएकोमा राम्रै माने होलान्। उक्त पार्टीका नेता कार्यकर्ताहरुको त यो घोषित अभियान नै भयो। ठग भनी अदालतले जेल हाले पनि बाहिर केही दिदीबहिनीहरुको यो आदर र सम्मान भावले निश्चिय नै रवि लामिछानेको हर्ष र खुसीको सीमा नै नरहेको हुनु पर्दछ।  तर धेरै पहिलेदेखि नै रविलाई बुझ्नेहरुका लागि अनि यस्ता अपराधी काण्डै काण्डमा एकपछि अर्कोमा डाँमिदै अहिले जेलमै थुनिएका ठग-अपराधीप्रति देखाइएको यो भक्तिभाव साँच्चै नै एउटा हेर्ने लायकको अचम्मको गाईजात्रा नै थियो। अर्को उखान 'कही नभएको जात्रा हाँडी गाउँमा' ठीक यो पनि त्यस्तै अर्को जात्रा नै थियो।

हुनतः सतिले सरापेको यो देशमा हुने भनेको यही हो। निर्धा, गरिब निमुखाहरुप्रति घृणा-अपमान र ठग, भ्रष्टाचारी, लुटेरा, चोर-गुण्डा आदिहरुप्रति सम्मान, आदर र भक्तिभाव अनि जयजयकार यो सामन्ती दलाल र नोकरशाही राज्य सत्ता र व्यवस्थाको खास विशेषता र चरित्र नै हो। अर्को धार्मिक भाषामा भन्ने हो भने कृष्ण चरित्र र लिला अर्थात् सयौं गोपिनीहरुसँग खुलम्खुला राहस लिला नाङ्गै पारी मोजमस्ती गर्ने कृष्णलाई भगवान मान्ने हाम्रो यो धार्मिक पाखण्डका अगाडि यो खासै केही होइन। यही बाटो र दिशा अर्थात् व्यक्ति जस्तो भए पनि उसको दोष निर्दोष केही नछुट्टाई कसैको लहैलहैमा एकहोरो लहसिने धार्मिक अन्ध भक्तिभाव रविको यो मामिलामा पनि देखिन थालेको छ। हुँदै नभएका खाली धार्मिक र काल्पनिक कथाका आधारमा अहिलेको यो २१औं शताब्दीको वैज्ञानिक युगमा पनि विश्वका करोडौं मान्छेहरुले ब्राह्मा, विष्णु, महादेव, शिव पार्वती, राम, सीता, कृष्ण आदिलाई भगवान् भनी पूजा गरी नै रहेका छन्। यस्तै राजनीतिक जमात आज घण्टी पार्टीमा आकर्षित हुने गरेको र त्यसले त्यसका सभापति रवि लामिछानेले जतिसुकै अपराध गरे पनि त्यसलाई स्वीकार्ने पक्षमा छैन। एकहोरो रवि निर्दोष भनी खाली एमाले ओली, कांग्रेसी देउवाहरुमाथि दोष थोपारी रहेको छ। स्वयं रविले नै आफू सहकारी रकम ठगी गरेको स्वीकार गरिसक्दा पनि त्यो जमातले भने रवि निर्दोष नै भएको भट्याउँदै हिडिरहेको छ।

हुनतः रवि अन्धभक्त यो जमातलाई मात्रै के भन्ने र ? हिजो दश वर्षे माओवादी जनयुद्धका डिजाइनर र राजनीतिज्ञ भनिने डा. बाबुराम भट्टराई जस्ता नेताहरुले समेत रविको पक्षमा त्यस्तै वकालत गर्ने गरेका छन्। यतिसम्मकी अदालतलाई प्रभावित पार्ने गरी रविको पक्षमा गर्ने गरिएको हस्ताक्षर अभियानअन्तर्गत घण्टी पार्टी कार्यालयमै गई डा. भट्टराईले त्यसमा हस्ताक्षर गरेका छन्। साथै हालै मात्र भैरहवा आई प्रत्यक्ष रविलाई जेलमै भेटघाट समेत गरेका छन्।

हुनत बाबुरामको यो भेट र समर्थन उनको राजनीतिक स्वार्थमा आधारित छ । नेपालीमा एउटा उखान छ पानीमा डुब्नै लागेका मान्छेलाई एउटा सानो तेद्राको पनि साहारा हुन्छ। ठीक यस्तै सहारा आज डा. बाबुराम भट्टराईलाई चाहिएको छ। छउञ्जेलको त्यस्तो ठूलो १० वर्षे जनयुद्ध हाँकेको माओवादी पार्टीलाई त्यत्तिकै लात हानेर बाहिरिएका बाबुराम अर्को केकेन नयाँ शक्ति ठूलो पार्टी बनाउन तम्सेका। देशी तथा विदेशीहरुको स्वार्थ केन्द्रित भई ठूलठूला चोक्टा खान बाहिरिएका डा. भट्टराई अन्ततः त्यही झोलमा नै डुबी आज न यता न उता छट्पटाइरहेका छन्। कतै यही मौकामा केही गर्दा रवि र उनको पार्टी कार्यकर्ताहरुको केही सहारा पाइन्छ कि भनी रविप्रति यो समर्थन र सहानुभूति देखाउन थालेका छन्। स्वयं आफू पनि ललिता निवास जग्गा हिनामिना प्रकरणमा डामिइसकेकाले पनि रविप्रतिको यो सहानुभूति हुनु स्वाभाविक नै छ। यस्तै सहारा फेरि रवि र उनको पार्टीलाई पनि चाहिएको छ। यो देशमा देशी तथा विदेशी शक्ति केन्द्रको केही छाहारी विना केही गर्न सकिन्न भन्ने रवि र उनको पार्टीलाई लागिसकेको छ। त्यसका लागि राप्रपा अर्थात् दरबारिया र भारत-अमेरिकाको साथ सहयोगको लागि उता बाबुराम सहयोगी हुने हुनाले डा. बाबुराम र रविबिच यस प्रकारको भेटघाट-वार्ता र सरसहयोग आदानप्रदान बढ्न थालेको छ।

हुनत डा.बाबुराम मात्रै होइन रविप्रतिको सहानुभूति स्वयं प्रचण्ड, माधव नेपाल आदिहरुको पनि छ। त्यस्तै हिमचिम कुनै बेला एमाले र प्रम ओलीसित पनि रविको थियो। लामो समयसम्म स्वयं ओलीले नै सहकारी काण्डमा रविलाई साथ दिइरहेका थिए। यी सबैको त्यो साथ सहयोग खाली रविलाई कसरी उपयोग गर्न सकिन्छ भन्नेमा आधारित थियो। कांग्रेस पार्टीले त रविलाई प्रधानमन्त्रीकै लागि अफर गरेको अहिले पनि रास्वपाले भन्ने गरेको छ। यो सबै सत्ता प्राप्तिको खेल मात्रै थियो। आखिर अहिले रवि र उनको पार्टीलाई कांग्रेस-एमालेले दूधको माखो जस्तै मिल्काउन पुगेका छन्। तै पनि अहिले फेरि पनि त्यो सम्भावना टुंगिसकेको स्थिति छैन। फेरि ८४ मा निर्वाचन हुँदैछ। कांग्रेस-एमालेबिचको यो अहिलेको दोस्ती र पार्टनरसिप सधैं यस्तै रहिरहला भन्न सकिन्न। यसमा अलिकति तलमाथि हुँदा बित्तिकै फेरि पनि रविका दिन खुल्नेछ। कांग्रेस-एमाले कस्तो कोटामा पारिने तानातान पनि हुन सक्छ। त्यसैले अहिले नै यस्ता नखरा वा नौटंकी, गाईजात्रा केही नगरी चुप लागि बस्दा नै रवि र उनको पार्टी अर्थात् रवि एण्ड उनको कम्पनीलाई राम्रो हुनेछ।

जहाँसम्म रवि लामिछानेमाथि लागेको मुद्दा र त्यसबापत उनले भोग्नु परेको जेल सजाय यसप्रति रास्वपाले तिलको पहाड नै बनाई प्रचारप्रसारमा ल्याउने गरेको छ। अन्याय, प्रतिशोध र बदलाको काम भयो। घण्टी पार्टीप्रतिको बढ्दो लोकप्रियताबाट कांग्रेस-एमाले आत्तिए यी आदि प्रचारवादी भइरहेको छ। यसमा पहिलो कुरा त रविमाथि लागेको यो ठगी अपराध सरकारले लगाएको हो वा अदालतले ? निश्चय नै सुरुमा सहकारी पीडितहरुको उजुरीको आधारमा सरकारवादी मुद्दा भएकाले सरकारले नै यसको छानबिन प्रक्रिया अघि बढायो।  त्यसैको आधारमा यसलाई सरकारले अदालत पुर्‍यायो। त्यसलाई अदालतले पनि स्वीकारी उनलाई कानुन बमोजिम दण्ड, सजाय, धरौटी जमानत वा जेल सजायको फैसला गर्‍यो। हिजो छानबिन प्रक्रियामा केही सरकार पक्षको हात भए  पनि अदालती प्रक्रियामा पुगेपछि त्यो स्वतः अदालतको विषय बन्छ। यस अर्थमा रविलाई धरौटी जमानतमा छोड्ने वा जेल हाल्ने, दोषी वा निर्दोषी के हो ? त्यो सबै अदालतको जिम्मा छ। तर यो सबै जानीबुझी पनि बारम्बार रवि र उनको कम्पनी घण्टी पार्टीले सरकारले राजनीतिक प्रतिशोध साधेको भनिरहेका छन्।

अब स्वयं रविले नै त्यो ठगी अपराधलाई स्वीकार गरी जेल मुक्तिको लागि अदालतमा निवेदन पेश गरिसकेका छन्। स्वयं अभियुक्तले नै उक्त अपराधलाई स्वीकार गरिसकेपछि अरु बाहिरी प्रमाणको कुनै आवश्यकता नै छैन। राजनीतिक पूर्वाग्रह प्रतिशोध र बदला भन्ने सबैको खारेजी रविले पठाएको अदालतको निवेदनबाट भइसकेको छ। आखिर बाहिरका घण्टी पार्टीका नेता-कार्यकर्ता र उनका समर्थक-शुभचिन्तकहरुको त्यो आवाजलाई स्वयं रविले नै अस्वीकार गर्दै सबैको मुखमा चुक्कल लगाई बन्द गरिदिएका छन्। अब कुन नाक र मुखले रविलई अन्याय गरियो, सरकारले प्रतिशोध र बदला लियो भन्ने ? तै पनि माथि भने जस्तै अन्धभक्तहरुले जे पनि भन्छन् र गर्छन्। जस्तो कुनै बेला तिब्बतका धर्म गुरु दलाई लामाको पिसाबलई पञ्चाअमृत र दिसालाई प्रसादी भनेर खाने र बाँड्नेहरुको तछाडमछाड र भिड लाग्ने गरेको भनिन्थ्यो। त्यो भक्तहरुको स्वइच्छाको कुरा हो।

रविको भैरहवा कारागार बसाइँसँगै बाहिर के हौवा पिटाइयो भने उनलाई एक्लै अत्यन्त दुःख र कष्टका साथ जेलमा थुनी राखिएको छ। स्वाभाविक रुपले नै जेल भनेको दुःख र कष्टकै यातना गृह हो। त्यस्तै दुःख कष्ट हिजो अहिलेका यी सबै राजनीतिक नेता र कार्यकर्ताहरुले भोगेकै हो। स्वयं म नै उक्त भैरहवा जेलमा एक डेढ वर्ष उक्त दुःख कष्ट र सास्ती भोगी बसेकै हो। जेल बसाई र भोगाइको बारेमा अहिलेका यी घण्टी पार्टीका नेता कार्यकर्ताहरुलाई भन्दा धेरै जानकारी र अनभुव हामीहरुलाई थाहा नै छ। तर हामी जेलमा रवि लामिछानेले जस्तै दुनियाँको रकम ठगी त्यहाँ गएका थिएनौ। तत्कालीन पञ्चायती व्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रसहितको जनराज्य सत्ता र व्यवस्थाको लागि त्यहाँ थुनिएका थियौं। अहिले जुन माग रविका लागि उनका नेता कार्यकर्ताहरुले गरिरहेका छन्। त्यो न हिजो थियो न अब र भोलि नै पूरा हुनेछ। जेल बसाई ससुराली घर बसाई जस्तो अवश्य होइन। अहिलेको यो संसार दुनियाँमा त्यस्तो कुनै जेल छैन जुन माग घण्टी पार्टीका मान्छेहरुले गरिरहेका छन्। बरु यस्ता अपराध जस्तो ठगी, जालझेल, भ्रष्टाचार, किर्ते आदि गर्ने अपराधीहरुलाई जेलमा थुन्ने मात्रै होइन धेरै देशमा झुण्ड्याएर नै मार्ने अदालती फैसला हुने गरेका छन्। तै पनि नेपालमा त्यस्तो संवैधानिक र कानुनी व्यवस्था गरिएको छैन। बरु नेपालमा यस्ता अपराधीलाई जेलमा खान, बस्न, लाउन, पठनपाठन अध्ययन गर्न, भेटघाट, औषधि उपचार सबै सुविधा छ। स्वयं रविले योभन्दा पनि अझ बढी सुविधा त्यहाँ पाएका छन्। छुट्टै एकल रुम, एसी, पंखा सबै सुविधा उनले पाएका थिए। तर बाहिर प्रचार जेलमा रविलाई दुःख दिइयो। बरु पछि अहिले बाहिर प्रचारका लागि मानवअधिकारवादीहरुलाई त्यो बुझ्न त्यहाँ पठाउँदा उनी बसेको कोठाबाट एसी निकालिएको, उल्टो झ्याल ढोका बन्द गरिएको अवस्था देखाइयो। यसमा स्वयं जेल प्रशासनको मिलेमतो भएको बुझिएको छ।

त्यत्रो ७, ८ सय संख्या भएको जेलमा भेंडा बाख्रा जस्तै एउटै कोठामा कोचाकोच गरी बसाउनु पर्नेमा उल्टै सरकारले रविलाई एक्लै र अलग छुट्टै एउटा कोठामा सुरक्षित गरेर राखेको रहेछ। खानपिन आफ्नै इच्छाअनुसार। सरकारी सिधा लिने र खाने पनि कुरा भएन, पूर्व गृहमन्त्री समेत भएका र उनको नाममा अहिले पनि करोडौं रुपैयाँ घण्टी पार्टीले जनताबाट उठाइसकेको छ। तै पनि विडम्बना के छ भने रवि र उनको दल यसमा सन्तुष्ट छैन। वेचैन छट्पटाहट र उकुसमुकुस छ। त्यसमा गरेको अपराध बोलेको छ। पश्चाताप, हीनताबोधले काम गरेको छ। बाहिर जतिसुकै पक्षमा नारा, जुलुस, हस्ताक्षर गरे पनि त्यो सहकारी ठगी सबै रकम फिर्ता गरी जेल मुक्त गरी पाऊँ भन्ने अदालती निवेदन त्यो त्यसको एउटा ज्वलन्त प्रमाण बनेको छ। स्वयं हामी पनि देशका थुप्रै जेलमा थुप्रै वर्ष यस्तो जेल जीवन बिताइयो। तर हामीलाई त्यस्तो कुनै पश्चाताप, हीनताबोध र रुवाबासी केही पनि भएन। उल्टो खुसी र गर्वले काम गरेको थियो। कमसेकम देश र जनताको लागि फासिष्ट र तानाशाही राज्यसत्ताको विरुद्धमा केही गरेमा आत्मसम्मान थियो र अहिले पनि छ। सम्भवतः हामीहरुले त्यतिबेला त्यस प्रकारको त्याग, तपस्या र बलिदान नगरेको भए अहिलेका यी घण्टी पार्टीका नेता कार्यकर्ता र शुभचिन्तकहरुले न यो सत्ताको जुठोपुरो चाट्न नै पाउँथे। न ठग रवि लामिछाने जस्ता उपप्रधान र गृहमन्त्री नै हुन पाउँथे।

रवि लामिछाने, उनको दल र दल नेताहरुका लागि अब जे नहुनु पर्ने थियो त्यो भयो। जानेर वा नजानेर अर्थात् परिबन्धमा परेर यो ठगी मुद्दामा पारियो। अब यसको उपयुक्त निकास भनेको त्यसलाई स्वीकार्नु नै हो। हात्ती छिर्‍यो पुच्छर अड्कियो भने जस्तै अब यसको बारेमा अरु कुनै रमिता-स्टन्ड गर्नु पर्ने केही छैन। यसलाई सिधै हाँसीहाँसी स्वीकार्ने र अदालतले तोकेको दण्ड-जरिमाना सजाय, क्षतिपूर्ति बिगो सबै भोग्न र तिर्न राजी हुने। आफ्ना नेता-कार्यकर्ता, शुभचिन्तक साथै आम नेपाली जनताहरुप्रति माफी मागी संघीय सांसद अनि पार्टी सभापतिबाट समेत राजीनामा दिई केही वर्ष ढुक्कका साथ जेल जीवन बिताउने। तब मात्र बाहिरिएपछि पुनः राजनीति जे गर्नु पर्ने हो त्यो गर्दा उनका लागि उपयुक्त हुनेछ। फौजदारी मुद्दा लाग्नु, जेल जीवन बिताउनु कुनै नयाँ कुरा होइन। स्वयं आजका प्रधानमन्त्री केपी ओली पनि १४ वर्ष यस्तै फौजदारी ज्यान मुद्दामा जेल बसेकै हुन्। त्यसैको व्याज, साहु अहिले पनि खाँदैछन्। मान्छे हो गल्ती कमजोरी हुन्छ। गल्ती ढाकछोप गर्नुभन्दा खुलस्त पार्नु राम्रो हुन्छ। एक गल्ती जीवनको लागि नयाँ मोड र सयौं सकारात्मक सम्भावना बन्न पनि सक्छ।

अन्त्यमा एउटा उदाहरण रवि र उनको पार्टी नेता र कार्यकर्ताहरुका लागि भन्न चाहन्छु।  जुन पोखराका पूर्व मन्त्री तथा सफल उद्योग व्यवसायी हरि पाण्डे जसले कुनै एक यस्तै घटनामा आफैंले आफू दोषी भएको भन्दै केही जरिमाना तिर्ने र दण्ड सजायका लागि जेल जाने घोषणा गरेका थिए। यसरी आफूले गरेको कुनै पनि गल्ती कमजोरी खुलस्त स्वीकारदा कहिले पनि सानो भइँदैन।

# प्याब्सन र एन प्याब्सनद्वारा पालिकालाई ज्ञापन पत्र



देवदह । विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति असहमति जनाउँदै देवदह क्षेत्रमा रहेका संस्थागत विद्यालयहरुले पालिकालाई ज्ञापन पत्र बुझाएको छ । देवदह क्षेत्रमा क्रियाशिल प्याब्सन र एन प्याब्सन देवदह नगर समितिसँग आबद्ध १३ वटा संस्थागत विद्यालयहरुले नगर उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग र शिक्षा अधिकृत पर्शुराम ढकाललाई उक्त असहमति पत्र बुझाएको हो । संसदमा दर्ता भएका शिक्षा, स्वास्थ्य तथा मानव अधिकारसम्बन्धी विधेयकमा देखिएका त्रुटि संशोधनका माग गर्दै देशव्यापी चरणबद्ध आन्दोलन कार्यक्रमअन्तर्गत नगर उप-प्रमुख गुरुङ्गलाई ज्ञापनपत्र बुझाइएको हो ।

प्याब्सन देवदहका सचिव कृष्णप्रसाद गैरे र एन प्याब्सन देवदहका संयोजक कमल पौडेलद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा निजी विद्यालयहरुलाई गैर नाफामूलक बनाइने भन्ने वाक्यांश हटाउनु पर्ने, पूर्ण छात्रवृत्ति भन्ने शब्द हटाउनु पर्ने, हाल अभ्यासमा रहेको विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनु पर्ने, छात्रवृत्तिअन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम गर्नुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

ज्ञापनपत्रमा विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विद्येयक २०८० मा समावेश गरिएका कानुनी विषयप्रति गम्भीर ध्यानकर्षण भएको जनाएको छ । संघीय संसदको शिक्षा, स्वास्थ्य सूचना तथा प्रविधिक समितिमा अन्तिम चरणमा भएको छलफल र प्रस्तुत भएका विचारले अन्त्यन्त दुखित एवं आक्रोसित बनाएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रस्तुत विद्येयकमा पूर्ण छात्रवृत्ति शिक्षण शुल्क, परिक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोशाक, यातायातलगायत उपलब्ध गराउनु पर्ने विषय भावनाविपरीत भएको जनाएको छ । ज्ञापन पत्र बुझाउन एन प्याब्सनका केन्द्रीय उप-महासचिव विष्णुप्रसाद पौडेल, प्याब्सन रुपन्देहीका सचिव बोधराज गौडेल, सदस्य महेश पराजुली, जिल्ला सल्लाहकार एकनारायण काफ्लेलगायतको सहभागिता रहेको थियो ।

केन्द्रीय कार्यक्रमअनुसार सबै पालिकामा असहमति पत्र बुझाउने कार्यक्रमअन्तर्गत देवदह नगरपालिकामा पनि बुझाइएको संस्थागत विद्यालयहरुले जनाएको छन् ।

# ग्लोबल आइएमई र सांग्रिला बैंकबिच समझदारी




बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेड र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडबिच सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरुलाई आवश्यक पर्ने गैर कोषमा आधारित बैंकिङ्ग सुविधा उपलब्ध गराउनेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र सांग्रिला डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरुलाई आवश्यकता पर्ने गैर कोषमा आधारित प्रतीत पत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ्ग आदि सुविधाहरु ग्लोबल आइएमई बैंकले उपलब्ध गराउने छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो ।

साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरक-फरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक नेपालको ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डनलगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

यसैगरी, सांग्रिला डेभलपमेन्ट बैंकले देशभर रहेका १०९ वटा शाखा तथा ३० वटा एटिएममार्फत् बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ ।

# श्रीकृष्ण जन्माष्टमी पर्व मनाइँदै

बुटवल । भगवान श्रीकृष्णको ५२५२औं जन्मोत्सव आगामी शनिबार विश्वभर विभिन्न आध्यात्मिक एवं धार्मिक कार्यक्रमको आयोजना गरी हर्ष र उल्लासका साथ मनाईंदैछ । यसैक्रममा बुटवलको मिलनचौकमा पनि श्रीकृष्ण जन्माष्टमी पर्व विशेष साँस्कृतिक कार्यक्रमको आयोजना गरी मनाउने तयारी भैरहेको अन्तर्राष्ट्रिय कृष्ण भावनांमृत संघ (ईस्कोन) बुटवलले जनाएको छ ।

बिहान ४ बजेदेखि सुरु हुने सो विशेष धार्मिक साँस्कृतिक कार्यक्रम राति १२ बजे श्रीकृष्ण जन्मोत्सव मनाएपछि सम्पन्न हुने ईस्कोन बुटवलका अध्यक्ष करनधर दासले बताए । अध्यक्ष दासका अनुसार बिहान सबेरै मंगल आरती, मन्त्र ध्यान जप, दर्शन आरती तथा गुरु पुजा, श्रीमद्भागवतम कथा वाचन, हरि कृतन, साँस्कृतिक कार्यक्रम, अभिषेक तथा कृतन, नाटक प्रस्तुति, श्रीकृष्ण कथांमृत प्रवचन, श्रीश्री राधा-श्यामसुन्दर महाभिषेक तथा महाप्रसाद वितरण कार्यक्रम हुनेछन् ।

समाजमा धार्मिक जागरण ल्याउने मूल उद्देश्यसहित कार्यक्रम गर्न लागेको आयोजकले बताए । प्रेम र भक्ति मार्गका प्रतिकका रुपमा पूजा आराधना गरिने श्रीकृष्णको जन्मोत्सव व्यवस्थित रुपले मनाउने उद्देश्यसहित बिसं २०७० सालदेखि संस्थागत रुपमा र विशेष रुपले मनाउन थालिएको भरतजंग कुँवरले बताए ।

कार्यक्रममा केसी दमनदासले बुटवलमा ५ सय जना साधक सदस्यहरु रहेको जानकारी दिए । आफ्नो धर्म आफै बिर्सेर विदेशीबाट सिक्नुपर्ने अवस्था आएको भन्दै उनले चिन्ता व्यक्त समेत गरे ।

कोषाध्यक्ष शारदा केसीले संस्थाले आध्यात्मिक, धार्मिक कार्यहरु मात्रै नगरेर विभिन्न सामाजिक कार्यहरुमा पनि अग्रसर रहेको बताइन् । संस्थाले विभिन्न स्कुल कलेजहरुमा माईन्ड कन्ट्रोल, योग्य मानव बनाउने अभिमुखीकरण र सामाजिकीकरणका आध्यात्मिक कक्षाहरु चलाउँदै आएको छ । सदस्य भरतजंग कुँवरले सामाजिक अभियानअन्तरगत विभिन्न कामहरु गर्दै आएको भन्दै बालबालिकाहरुलाई खाजा खुवाउने, युवाहरुलाई मन्त्र मेडिटेसनमार्फत् एन्जाईटी समाधान, गौमाताको संरक्षण जस्ता धेरै कार्यक्रम गर्दै आएको उल्लेख गरे ।

**Government of Nepal**
**Ministry of Home Affairs**
**District Administration Office**
Kapilvastu, Taulihawa
(Seal of the Office)
Letter No.: 08522/83 (Administration)
Date: August 11, 2025
Ne.Sam.1145 Gumlaga, second

Phone: 078-520133
daokapilvastu@gmail.com

**Certification**

To whom it may concern
As per the recommendation letter dated August 01, 2025 dispatch No. 111 from 1 No. Ward Office of Banganga Municipality submitted to this office by Humi Thapa (Citizenship no.6/3315), wife of Indian Ex-Army No.(69966571 Ex CT (GD) (Late) Kul Bahadur), a resident of Ward No.01, Banganga Municipality, Nawalparasi district (West of Bardaghat Susta) stating the fact that even if there existed differences in her husband's name and date of birth in Nepali Citizenship Certificate and in the Indian pensionpatta Record as per the details given below, however, the person referred to is one and the same individual, which is hereby certified accordingly for pension purpose only.



**Details:**

| Name and surname in Nepali Citizenship Certificate | Citizenship No. | Name surname and Date of Birth mentioned in Indian pension Record |
|---|---|---|
| Name Surame: Humi Thapa Date of Birth: December 06, 1956 | 6-3315 Isssued Date April 07, 1988 Gulmi | Name Surname: HUMI DEVI Date of Birth: September 01, 1945 |

Sd/-
**Dil Kumar Tamang**
**Chief District Officer**

# Binayi Tribeni Rural Municipality
## Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**

# Invitation For Online Bids

Date of publication: 2082/04/30, (15th, Aug, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 03/BTRM/ NCB/ Goods/ 2082-083 | Procurement and Installation of Integrated Digital Learning Solutions for Schools, Including Interactive Displays LMS according to CDC, Zero Client-Based Digital Library, E-Learning System, and Centralized Student Information Management | 16400000 | 492000 | 3000.00 | 2082/05/29 (15th, sept, 2025) Before 12:00 | 90 Days | 2082/05/20 (7th, Sept, 2025) at 1:00 PM | 2082/05/29 (15th, Sept, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata: 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi TribeniRural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata.: 00815153326 | | | | | | | | |

2.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.

3.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# प्याब्सन बुटवलद्वारा नगरप्रमुखलाई ज्ञापन पत्र



बुटवल । विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति असहमति जनाउँदै बुटवलका निजी विद्यालय सञ्चालकहरूले पालिकालाई ज्ञापनपत्र बुझाएका छन् । निजी तथा आवासीय विद्यालय संगठन नेपाल (प्याब्सन)को बुटवल उप-महानगरपालिका समितिले उप-महानगर नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएको हो ।

प्याब्सनले संसदमा दर्ता भएका शिक्षा, स्वास्थ्य तथा मानव अधिकारसम्बन्धी विधेयकमा देखिएका त्रुटि संशोधनका माग गर्दै देशव्यापी चरणबद्ध आन्दोलन कार्यक्रमअन्तरगत बुटवलका नगरप्रमुख खेलराज पाण्डेयलाई ज्ञापनपत्र बुझाएको हो ।

प्याब्सन बुटवल अध्यक्ष मित्रहरि आचार्य, केन्द्रीय उपाध्यक्ष टिकारम न्यौपाने, लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डे, केन्द्रीय सदस्य यज्ञमूर्ति पाण्डे, हिसान रुपन्देही अध्यक्ष कृष्ण न्यौपानेलगायतको सहभागितामा ज्ञापनपत्र बुझाइएको हो ।

केन्द्रीय उपाध्यक्ष टिकारम न्यौपानेले विद्यालय शिक्षा विधेयकमाथि रहेको पूर्ण छात्रवृत्तिको सन्दर्भमा असहमती रहेकोले विरोधका कार्यक्रमहरु चलिरहेको बताए ।

प्याब्सन बुटवल अध्यक्ष मित्रहरि आचार्यले केन्द्रीय कार्यक्रमअनुसार सबै पालिकामा भएको कार्यक्रमलाई बुटवलमा पनि निरन्तरता दिइएको जानकारी दिए ।

# एसईईको पुनर्योगमा चार जीपीए ल्याएका प्रशन्नलाई गणेश ज्ञानज्योतिको सम्मान



बुटवल । माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका चेकजाँचमा त्रुटी भएको पुष्टी भएको छ। २०८१ सालको एसईई परीक्षाको उत्तरपुस्तिका पुनर्योग गर्दा रुपन्देहीको बुटवल- १५ सेमलारस्थित गणेश ज्ञानज्योति पव्लिक हाइस्कुलका प्रसन्न पौडेलले ४ जीपीए ल्याएका छन् ।

यसअघि परीक्षाफल प्रकाशित हुँदा ३.९५ जीपीए आएकोमा उनले चित्त नबुझी रिटोटलिङ (पुनर्योग) गराएका थिए । पुनर्योग गराउँदा उनको ४ जीपीए आएको हो । ३६ जनाले एसईई दिएको गणेश ज्ञानज्योतिबाट ७२ प्रतिशत विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण भएको विद्यालयका प्राचार्य कुलराज शर्माले जानकारी दिए ।

एसईईमा चार जीपीए ल्याउने पौडेललाई विद्यालयले बिहीबार एक समारोहकाबिच दोसल्ला ओडाएर सम्मान गरेको छ । त्यस अवसरमा बोल्ने वक्ताहरुले २०५४ सालमा स्थापना भएको यो विद्यालय सहकार्यको मोडलबाट सञ्चालित भएको र सबैको सहयोग र सहकार्यबाट विद्यालयले शैक्षिक क्षेत्रमा निरन्तर उत्कृष्ट नतिजा हासिल गरिरहेको बताएका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम शर्मा काफ्लेले विद्यालयको शैक्षिक वातावरण राम्रो रहेको र सबै क्षेत्रको साथ रहेकाले अहिलेको अवस्थासम्म आइपुगेको बताए । विद्यालयका प्राचार्य कुलराज काफ्लेले यस विद्यालयका सातजना विद्यार्थीले नेपाल सरकारका चिकित्सा शास्त्र, इञ्जिनियरिङ र वन विज्ञान अध्ययन संस्थानको २०८०/८१ को राष्ट्रिय प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको भन्दै विद्यालयमा बालमैत्री वातावरणका साथ अध्यापन गराउने गरिएको जनाए ।

४ जीपीए ल्याएका प्रसन्न पौडेलका हजुरबुबा गोविन्द पौडेलले विद्यालय, परिवार र शिक्षकको सामूहिक प्रयासले यो नतीजा हासिल भएको भन्दै यसका लागि सबैलाई धन्यवाद दिए ।

विद्यार्थी प्रसन्न पौडेलले विद्यालयमा विद्यार्थी मैत्री वातावरण रहेको भन्दै घरपरिवार र विद्यालय र आफ्नो सामूहिक मेहनतले जीपीए ४ ल्याउन सफल भएको बताए ।

त्यस अवसरमा विद्यालयका भूपू अभिभावक चुरामणि पौडेल, समाजसेवी पिताम्बर खरेल, सहायक प्रधानाध्यापक डोलराज अर्याललगायतले पनि आ-आफ्ना धारणा राखेका थिए । यो विद्यालयबाट यसअघि पनि खुसी सापकोटा, सुमित उपाध्याय, विनोद पोखेल र सविना थापाले पनि एसईईमा ४ जीपीए ल्याएको शिक्षक लेखनाथ पौडेलले जानकारी दिए ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# सनकको भरमा कारबाही : गुप्ता



**मोहम्मद हबिब**

*भैरहवा*

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका पूर्व केन्द्रीय सदस्य महेन्द्र गुप्ता (प्रशान्त)ले पार्टीमा भएको विभेदको विरोध गर्दा पार्टीबाट निष्काशन गरिएको बताएका छन् ।

'लोकतान्त्रिक पद्धतिमा लोकतान्त्रिक तरिकाले मन्त्रीको चयन हुनुपर्छ, पार्टीको कार्यशैली ठिक भएन' भन्ने समाजिक सञ्जालमा राखेको भरमा कारबाही स्वरुप निष्काशन गरिएको उनले बताए ।

'मैले कुनै व्यक्तिलाई तोकेर गाली गरेको पनि हैन, पार्टीलाई मन्त्रीमा एउटा युवालाई मौका दिनु मात्रै भनेको हो ।

अलोकतान्त्रिक तरिकाले पार्टीबाट कारबाही गरेको छ, न त स्पष्टीकरण सोधियो न जानकारी नै गराइएयो,' उनी भने- '१८ वर्षदेखि सक्रिय राजनीतिमा लाग्दा कति सम्पति गुम्यो, व्यक्तिगत लगानीबाट मधेसमा संघर्ष गरियो, आन्दोलन गरियो । अहिले अपमान, विभेद बाहेक केही नपाएकोले न्यायको लागि पत्रकार सम्मेलन गरेको हो ।'

केन्द्रीय सदस्य महेन्द्र गुप्ता (प्रशान्त) ले मधेशको मुद्दालाई लिएर हिंडेको युवा हो, कसैले नेता बनाएको होइन । प्राइभेट कम्पनीको कामदारलाई झै एकै झट्कामा निकाल्ने काम गरिएको उनले जनाए ।

२०६२/०६३ को मधेश आन्दोलनदेखि तराई/मधेशका जनताको हितमा निष्ठापूर्वक लागेबापत सजायस्वरुप पार्टीले निरंकुश शैलीले आफूमाथि कारबाही गरेको उनको भनाइ छ । लोकतान्त्रिक पार्टी कागजमा मात्रै सिमित छ । सदन र सडकबाट लोकतन्त्रको कुरा गर्ने एक दुई तानाशाही नेताको सनकका कारण पार्टीको आन्दोलकारी र क्रान्तिकारीलाई कारवाही गर्ने यो कुन तरिकाको लोकतन्त्रवादी, समाजवदी पार्टी रहेको उनले प्रश्न गरे ।

'लोसपाका केही नेताहरुले आज पार्टीलाई प्राइभेट कम्पनीमा ढाल्दै जानुभएको छ । मधेश आन्दोलन र आन्दोलनकारीहरुको मुद्दाको योगदानको सम्मान हुन छाडेको छ, सत्ता केन्द्रित राजनीति हावी हुँदै गएको छ । पुस्तान्तरण गर्ने नयाँ पिढीलाई पालो दिने कुराहरु कुरामा सीमित हुन थालेको आभाष भएको छ ।'-उनले भने ।

प्रदेशको ४ पटक मन्त्री बन्दा पनि रिर्पोट कार्ड खै ? यहाँको जनता र मधेसको लागि कुनै पनि रिर्पोट कार्ड आएन ।

आफैं कानुन मन्त्री हुँदा पनि प्रदेश आयोगमा समावेशीको कुरामा मधेसीको लागि सक्रियता नदेखाउनु, अरुले आन्दोलन गरेर लिखित रुपमा पास गराउनु पर्यो । पार्टीको अध्यक्षलाई तोकेर गाली गर्दा पनि कारबाही नहुने मैले सामाजिक सञ्जालमा लेख्दा अलोकतान्त्रिक तरिकाले निकालेको आरोप उनले लगाए ।

मधेश र देशको विरोधी सबैको विरोधी रहेको बताउँदै उनले रुपन्देहीको विकासमा कति योग्दान गरे, मधेशको मुद्दा के उठाए, मधेसीको सुखदुःखको कुरा, विकासको कुरा के गरे, रोजगारको कुरा केही पनि देखिंदैन केही सांसद लिएर पार्टीले भजाउने काम गरेको आरोप लगाए ।

उनले त्यस्ता नेता लोकतन्त्रको नाममा धब्बा हो, मधेशको हकहीतमा नभएको भन्दै भण्डाफोर समेत गरे । बोल्ने अधिकार पनि हनन भइरहँदा आफू चुप लागेर नबस्ने बताउँदै उनले अबको मर्चवार तानाशाह मुक्त मर्चवार हो, मर्चवारको ठेकेदार कोही नबोनस्, मर्चवार यहाँको वासिन्दाको हो, मर्चवारले अबको नेतृत्वले तानाशाहको पत्ता साफ गर्ने बताए ।

'मर्चवारका केन्द्रीय सांसद, भैरहवाका प्रदेश सांसद उहाँहरुको तानाशाह प्रवृत्ति र विचारधाराको विरोध गरेको हो । पार्टीभित्र लोकतन्त्र नरहेको बताएका नाममा लोकतान्त्रिक भए पनि व्यवहारमा भएको छैन ।'-उनले भने ।

मन्त्री बनाउँदा पार्टीमा बैठक, प्रदेशमा बैठक बिना नै दबाबमा बनाइएको हो ।

हामीले नमस्कार मात्रै खोजेका होइनौ मधेसको विकास खोजेको हो, मधेसको एजेण्डा, मुद्दा र पहिचानका लागि कतिको सदनमा गयो त्यो खोजेको हो । भौकाल र साइरनले मात्रै नहुने उनले जनाए । उनीसँगै १ सय ५३ जनाले पार्टी परित्याग गरेको घोषणा उनले गरेका थिए ।

'मधेसको पहिचान, युवाको अधिकार, लोकतन्त्र शिक्षा विकासको निमित्त म सदैव यही माटोमा समाहित हुँदै आफ्नो कर्तव्य निर्वाह गर्न चाहन्छु,' उनी भन्छन्-'म छिट्टै राष्ट्रिय राजनीतिमा जान्छु । म तराई मधेसमै जन्मे र यही मर्न पनि चाहन्छु ।'


## Naubahini Rural Municipality
### Office the Rural Municipal Executive
Lung Bahane, Pyuthan
Lumbini province, Nepal

## Invitation for Bids

Date of First Publication date 2082/04/30 (15th Aug 2025)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Docu-ment Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 01-NRM/NCB W/2082/83 | "Bahane Sirpa Rolpa Motor Bato " | 19997067.21 | 3000.00 | 500000 | 90 Days |

2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication:2082/04/30

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 05/KM/ NCB/WORKS /2082/83 | Dayaram Kharalko Ghardekhi Nabin Poudelko Gharsamma Bato staronnati | 21,62,669.18 | 2082/05/29, BS) Upto 12Hr | 120 days | 62,500 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com